## “भूमिमा महिला अधिकार, महिलाको मानव अधिकार”

# भूमिमा महिला अधिकारको आन्दोलनमा सहभागी बनौं ।

भूमिमा महिला अधिकार, महिलाको मानव अधिकार पनि हो । लिङ्गको आधारमा भूमि माथिको पहुँच र नियन्त्रणमा रहेको अवस्थाले संरचनागत रुपमा नै महिला पछाडि पारिएका छन् । यसै कारण कैयन महिलाहरु हिंसा भोग्न बाध्य छन् । यो विभेदलाई राज्यको नीति र कार्यक्रमले सम्वोधन गर्न सकेको छैन ।

नेपालका ९० प्रतिशत महिलाहरु खेतीपातीको काम गर्छन । ६० प्रतिशत कृषि उत्पादन महिलाहरुले नै गर्दछन् । महिलाहरु नहुँदा हुन्त संसारका सवै मानीस भोकै पर्ने थिए । तर महिलाको यो महत्वपूर्ण काम पहिचानको साटो उल्टै सास्ती दिईएको छ । अन्न उब्जाउने र खाना तयार पार्ने महिलाहरु भोकभोकै र आधा पेट खाएर बस्नु परेको छ । चलन, संस्कार, धर्म र कर्तव्यको नाममा महिलामाथि हिंसा भईरहेको छ । यो सबै अवस्था रहनुको मुख्य कारण भूमिमा महिलाको अधिकार नहुनु हो । भूमि माथि महिला किसानको अधिकार स्थापित नभएसम्म महिलाको खानाको अधिकार पनि पुरा हुदैंन । आत्मबल बढ्दैन । व्यक्तिगत विकासको वातावरण रोकिन्छ । परिवार र समाजमा उनको निर्णायक भूमिका हुन सक्दैन ।

भूमिमा महिलाको अधिकार स्थापित गराउनु भनेको महिलाको सम्मान, पहिचान, ईज्जत, तागत, हिम्मत र आत्मविश्वास बढाउनु हो । महिला माथि हुने हिंसा, विभेद, शोषण, अन्याय, उत्पिडन र भेदभावको अन्त्यका लागि अनि दिगो, न्यायपूर्ण, समतामुलक र समृद्द समाज निर्माणका लागि भूमि लगायत उत्पादनका साधनमा महिलाको हक हुनै पर्दछ । हो, यही अधिकार स्थापीत गर्नको लागि घरघरबाट अनि गाउँगाउँबाट आन्दोलन आवस्यक महशुस गरी भूमिमा महिलाको पुरापुर अधिकार सुनिश्चित गर्न केही वर्षदेखी देशव्यापी रुपमा विभिन्न महिला सम्मेलन, सभा, ऱ्याली, छलफल तथा बहशहरु भईरहेका छन् । यसलाई थप बहशमा ल्याई नीतिगत सम्बोधन तथा व्यवहारमा कार्यान्वयनका लागि जनमत तयार पार्न राष्ट्रिय आन्दोलनको आयोजना भएको छ ।

**मूल मागहरु :**

क. राज्यले भूमिअधिकारबाट बञ्चितलाई जग्गा उपलब्ध गराउनुपर्छ । यसरी जग्गा उपलब्ध गराउंदा संयुक्त ( महिला पुरुष) जग्गाधनी प्रमाण पूर्जाको व्यवस्था गर्नुपर्छ ।

ख. जग्गा भएका परिवारको जग्गाधनी प्रमाण पूर्जा एक वर्ष भित्र पति र पत्निको नाममा कायम गर्नुपर्छ । यस्तो कार्यमा कुनै शुल्क लिईनु हुदैंन ।

ग. मुलुकी ऐनले पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हकको व्यवस्था गरेको भएपनि व्यवहारमा यो व्यवस्था कार्यान्वयनमा नआएकाले यस्तो जग्गा बेचविखन र अंशवण्डा गर्दा छोरा र छोरी दुवैको रोहवरमा गर्ने व्यवस्था हुनुपर्छ ।

भूमिमा महिलाको अधिकारलाई व्यवहारमा स्थापीत गराउन आवस्यक शक्ति निर्माण गर्ने, जनमत बनाउने, प्रत्येक व्यक्ति, परिवार, गाउँ, शहर सबैतिर बहश सिर्जना गर्ने र राष्ट्रिय एवं नीतिगत तहमा यो मुद्दालाई सम्बोधनका लागि आवाज उठाउने उद्देश्यले अन्तर्राष्ट्रिय महिला श्रमिक दिवश मार्च ८ (फागुन २४) का दिन देशका ४० जिल्लामा भूमिमा महिला अधिकार ऱ्याली तथा सभाको आयोजना गरिएको छ । त्यस्तै फागुनको २९ गतेबाट देशभरका एक हजार भन्दा बढि महिला काठमाडौं आन्दोलनमा सहभागि हुनेछन् । यो तपाई हामी सबैको आन्दोलन हो । यस कार्यक्रममा सहयोग र सहकार्यको लागि सबैमा हार्दिक अनुरोध गर्दछौं ।

राष्ट्रिय महिला अधिकार मञ्च, नेपाल
फोन : ०१-२१२१०८१
ईमेल : mamprerana@gmail.com

राष्ट्रिय भूमिअधिकार मञ्च, नेपाल
फोन : ०१-६९०४५८६
ईमेल : nlrf@yahoo.com